स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १५, अङ्क १

(२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

## सुदूरपश्चिम प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रुपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ ।

सन् २०२६ जनवरीदेखि मार्चसम्मको अवधिमा प्रदेशका इन्सेक स्रोत व्यक्ति, इन्सेक प्रतिनिधि, इन्सेक प्रदेश कार्यालय तथा सञ्चारमाध्यमहरुको अनुगमनबाट प्राप्त गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका प्रतिनिधिमूलक घटनाहरुलाई यस प्रकाशनमा समावेश गरिएको छ।

बिगत झैँ यस वर्षका तीन महिनाको अवधिमा पनि यस प्रदेशको मानव अधिकारको अवस्थामा सुधार आउन सकेन । यस अवधिमा पनि मानव अधिकार उल्लङ्घनका घटनाहरु भए। अपराधका घटनाहरुमा कमी आउन सकेन्।

यस अवधिमा (सन् २०२६ जनवरीदेखि मार्चसम्म) राज्य पक्षबाट एक जना पुरुष र अन्यपक्षबाट ३३ जना महिला सहित ५२ जना गरी ५३ जना पीडित भए । जसमध्ये राज्य पक्षबाट एक जनालाई गिरफ्तार गरियो भने अन्यपक्षबाट एक जना महिला सहित चार जनालाई कुटपिट र कुटपिटबाट आठ जना पुरुष घाइते भएको इन्सेकले अभिलेख गऱ्यो । यस अवधिमा अन्यपक्षबाट ६ जना महिला सहित १० जनाको हत्या (परिवारजनबाट भएको हत्या सहित) भएको छ । जातीय विभेदबाट कैलालीमा एक र कञ्चनपुर जिल्लामा एक जना गरी दुई जना पुरुष पीडित भए । डडेल्धुरा जिल्लामा मोसो दलेर एक जना पुरुषमाथि अमानवीय व्यवहार गरिएको इन्सेकले अभिलेख गऱ्यो ।

बाल अधिकारका घटनामा अन्यपक्षबाट २० जना बालबालिकाहरु पीडित भएको पाइयो । जसमध्ये बलात्कारबाट १६ जना, यौन दुर्व्यवहारबाट चार जना बालिका र यौन दुर्व्यवहारबाट एक जना बालक गरी २१ जना पीडित भए।

यस अवधिमा महिला अधिकार घटनामा अन्यपक्षबाट ६ जना महिला पीडित भए । जसमा बलात्कारबाट पाँच र यौन दुर्व्यवहारबाट एक जना गरी ६ जना महिला पीडित भए । परिवारजनबाट ६ जना महिलाको हत्या भयो।

यस अवधिमा भएका घटनाहरुको विश्लेषण गर्दा राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको पाइए पनि गैरराज्य पक्षबाट

बढी मानव अधिकार ज्यादतीका घटनाहरु भएको पाइयो। यसले कानुनी शासनमाथि प्रश्न गरेको प्रष्ट हुन्छ।

नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा उल्लेख्य सुधार भएको पाइए पनि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्थामा यस अवधिमा पनि प्रगति भएको देखिएन् । नि:शुल्क तथा अनिवार्य शिक्षाको सुनश्चितता संविधानमा गरिएको भए पनि व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेको अवस्थामा नवयुवा पुस्ताको आन्दोलनपश्चात सम्पन्न भएको निर्वाचनपछि निमार्ण भएको सरकारले समेत नि:शुल्क शिक्षा अनिवार्य गरेको भए पनि यसको कार्यान्वयन पक्ष हेर्न बाँकी छ ।

मुक्त कमैया, मुक्त हलियाहरुको पुनर्स्थापना हुन नसकेको अवस्था छ । विस्तृत शान्ति सम्झौता भएको झण्डै १९ वर्ष बितिसक्दा पनि सक्रमणकालिन न्यायका सवालहरु सम्बोधन नगरिदा न्याय पाउनबाट वञ्चित हुन परेको द्वन्द्वपीडितहरुको गुनासो छ। अपाङ्गता भएका व्यक्ति, दलित समुदाय, अल्पसङ्ख्यक समुदाय, तेस्रो लिङ्गिहरुले अधिकार पाउन नसकेको गुनासो छ। निर्माण गरिएका अधिकांश भौतिक संरचनाहरु अपाङ्गमैत्री छैनन् । प्रदेश सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट समावेशी नभएको नागरिकहरुले गुनासो गर्ने गरेका छन् । घरेलु हिंसाबाट पीडित हुने महिलाहरुको सङ्ख्या अत्याधिक भए पनि उनीहरुको सुरक्षाका लागि सुरक्षित आवस गृह निर्माण नहुँदा पीडित महिलाहरु थप पीडित हुनु परेको अवस्था छ ।

नागरिकहरूका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई सुनिश्चित गर्न राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुको पूर्ण कार्यान्वयन गरी नागरिकका हक-अधिकारहरू सुनिश्चित गर्न आवश्यक छ।

अन्त्यमा, मानव अधिकार संरक्षण तथा प्रवर्धनमा सबै पक्षको भूमिका महत्वपूर्ण हुन्छ ।

**खडकराज जोशी**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी-मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| घाइते | | | | | ८ | ८ | ८ |
| गिरफ्तारी | | १ | १ | | | | १ |
| कुटपिट | | | | १ | ३ | ४ | ४ |
| बाल अधिकार | | | | २० | १ | २१ | २१ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| हत्या | | | | ६ | ४ | १० | १० |
| महिला अधिकार | | | | ६ | | ६ | ६ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| जम्मा | | १ | १ | ३३ | १९ | ५२ | ५३ |

# सुदूरपश्चिम प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

#### हत्या

#### अन्यपक्षबाट

**दार्चुला**

महाकाली नगरपालिका-५ स्थित सामुदायिक प्रहरी सेवा केन्द्र, दार्चुलामा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय योगेन्द्र बहादुर घर्ती ०८२ माघ २६ गते राति सदरमुकाम खलंगास्थित पुजा होटल एण्ड बारको पछाडि मृत अवस्थामा फेला परे। बंगाबगस्थित होटलमा उनको हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। घटनामा संग्लन रहेको आरोपमा प्रहरीले बैतडी जिल्ला डिलाशैनी गाउँपालिका-४ घर भई हाल महाकाली नगरपालिका-४ दार्चुलामा बस्दै आएकी ४० वर्षीया पायल भनिने मानमती आउजी, बेदकोट नगरपालिका-८ कञ्चनपुर घर भई हाल महाकाली नगरपालिका-४ स्थित पूजा वियर बारमा बस्दै आएकी २० वर्षीया दिपिका फर्सवान, १५ वर्षीय बालक र दुहुँ गाउँपालिका-२ घर भएका ४२ वर्षीय राजेन्द्रसिंह डडाललाई माघ २७ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर हेमराज भट्टले बताए। यस्तै सोही होटलमा कार्यरत महाकाली नगरपालिका-४ का २१ वर्षीय आशिष पाललाई माघ २८ गते दुहुँ गाउँपालिका-४ को कोल्से वनमा लुकिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। पूजा होटल एण्ड बारका सञ्चालिका ३९ वर्षीया जानकी पाल र १९ वर्षीय मनिस पाल अझै फरार छन्। शवको पोष्टमार्टम माघ २८ गते जिल्ला अस्पताल, दार्चुलामा भयो। उनको टाउकोमा आठ वटा घाउ रहेको थियो। उनीमाथि टाउकोमा धारिलो हतियार प्रहार भएको पोष्टमार्टम रिपोर्टमा उल्लेख छ। प्रहरीले आरोपित माथि माघ २८ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुन्धान गरिरहेको इन्स्पेक्टर भट्टले बताए। हत्याको कारण हालसम्म पनि खुल्न नसकेको इन्स्पेक्टर भट्टको भनाइ छ। आरोपित विरुद्ध पीडितका दाजु ज्ञानेन्द्र घर्तीले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। गिरफ्तार गरिएका आरोपितहरु हिरासतमै रहेको र मुख्य आरोपित दुई जना फरार रहेको प्रहरीले बतायो।

शैल्यशिखर नगरपालिका-८ देबलका ७१ वर्षीया लक्ष्मी जोशीको ०८२ माघ २६ गते हत्या गरेको आरोपमा प्रहरीले सोही नगरपालिका-९ बस्कोटका २४ वर्षीय उमेश साउद र बैतडी जिल्ला डिलासैनी गाउँपालिका-५ लट्टेकोठ घर भएका २४ वर्षीय गोपाल नाथलाई ०८२ फागुन १ गते देवलबाट गिरफ्तार गऱ्यो। हत्या लगत्तै जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय र संघीय प्रहरी कार्यालयबाट आएको टोलीले उनीहरुलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर हेमराज भट्टले बताए। माघ २७ गते बिहान शव घर बाहिर फ्याकिएको अवस्थामा फेला परेको थियो। हत्याको अनुसन्धानको लागि तालिम प्राप्त कुकुरको परिचालन गरिएको थियो। शवको पोष्टमार्टम माघ २८ गते गोकुलेश्वर अस्पतालमा भयो। हत्या लगत्तै फरार रहेको आरोपितबाट दुई थान सुन जस्तो देखिने कानको मुन्द्री, एक थान नाकको मुन्द्री र एक थान नाकको फुली) बरामद गरिएको थियो। हत्याको कारण पैसा र गरगहना रहेको छ। पीडित पक्षले आरोपितहरुविरुद्ध माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको थियो।

#### गिरफ्तार

**बैतडी**

दोगडाकेदार गाउँपालिका-३ खोचलेकका ५२ वर्षीय भानदेव भट्टलाई ०८२ फागुन २० गते दोगडाकेदार गाउँपालिकाको खोचलेकबाट सशस्त्र प्रहरीको गस्ती टोलीले गिरफ्तार गऱ्यो। निर्वाचनको मौन अवधिको समयमा निर्वाचन सामग्री, नमूना मतपत्र र नगद रकम सहित आरोपितलाई सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गरी प्रहरीलाई जिम्मा लगाएको भए पनि जिल्ला प्रशान कार्यालय र जिल्ला अदालतबाट आरोपित विरुद्ध मुद्दा दर्ता गर्ने अनुमति प्राप्त नभएपछि सोही दिन फागुन २० गते नै आरोपितलाई रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दिपककुमार रायले बताए। प्रहरीले प्रारम्भिक सोधपुछका क्रममा आरोपित भट्टले आफू कांग्रेसको कार्यकर्ता भएको बताए पनि आरोपित भट्टसहितका केही

व्यक्तिहरुले एमालेका कार्यकर्ताहरुसँग मिलेर मतदाताहरुलाई पैसा बाँडेको भन्ने सूचना आएकाले निगरानी गरिदिन स्थानीय प्रशासनलाई पत्र पठाएको नेपाली कांग्रेस बैतडी जिल्ला सहसचिव दिपेन्›बहादुर चन्दले बताए।

## कुटपिट / घाइते

**बैतडी**

प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रचारप्रसार क्रममा नेकपा एमाले र रास्वपाका कार्यकर्ताबीच ०८२ फागुन १३ गते झडप हुँदा डिलाशैनी गाउँपालिका-७ सौनीटोल निवासी नेकपा एमालेका कार्यकर्ता २९ वर्षीय जनक धामी, ३१ वर्षीय माधव धामी र रास्वपाका कार्यकर्ता २१ वर्षीय लोकेन्द्र धामी घाइते भए। घाइते मध्येका जनक र माधवको धनगढीस्थित निसर्ग अस्पताल र लोकेन्द्रको गोकुलेश्वर अस्पताल, बैतडीमा उपचार भयो। एमालेका कार्यकर्ताहरुले डिलाशैनी गाउँपालिका-७ सौनीटोल निवासी राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता २१ वर्षीय लोकेन्द्र धामी, २३ वर्षीय सुरेस धामी, २० वर्षीय दिपक धामी, ४० वर्षीय लालसिंह धामी र २३ वर्षीय पुस्कर धामी विरुद्ध फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई फागनु १३ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरु विरुद्ध फागुन १३ गते अभद्र व्यवहार अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको समयमै आरोपितहरुको स्वास्थ्यमा समस्या देखिएपछि फागुन २५ गते आफन्तको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर सुरज सिंहले बताए। मुद्दा जिल्ला प्रशासन कार्यालयमा विचाराधीन रहेको छ।

**कैलाली**

धनगढी उपमहानगरपालिका-१३ राजपुरका दुई टोलका युवा समूहबिच पुरानो रीसिइबीका कारण ०८२ फागुन १९ गते झडप हुँदा स्थिति नियन्त्रण गर्न गएको प्रहरी टोलीमाथि युवाहरुले आक्रमण गर्दा जिल्ला प्रहरी कार्यालयमा कार्यरत इन्स्पेक्टर बलराम पाण्डे, वडा प्रहरी कार्यालयमा कार्यरत असई डवलबहादुर साउद र धनगढी उपमहानगरपालिका-१३ का २९ वर्षीय लोकेश खत्री घाइते भए। घाइते मध्येका वडा प्रहरी कार्यालयमा कार्यरत असई साउद सामान्य घाइते भएकाले प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो भने इन्स्पेक्टर पाण्डे र खत्रीको धनगढीस्थित माया मेट्रो अस्पतालमा उपचार भयो। युवाहरुले प्रहरीमाथि आक्रमण गरी जिल्ला प्रहरी कार्यालयका एसपी चढ्ने बीएसी ३४८० नम्बरको भ्यानमा समेत तोडफोड गरे। गाडी तोडफोडमा संलग्न भएको आरोपमा प्रहरीले धनगढी उपमहानगरपालिका-१३ कैलालीगाउँका ३६ वर्षीय रामदयाल राना, २६ वर्षीय राकेश सुनार, ३९ वर्षीय नरसिंह राना र ३३ वर्षीय कमल रानालाई फागुन १९ गते गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितहरु विरुद्ध फागुन २० गते अपराधिक उपद्र अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदातलको फागुन २९ गतेको आदेश अनुसार आरोपितहरुलाई जनही १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए। मुद्दा जिल्ला अदालतमा बिचाराधीन छ।

गोदावरी नगरपालिका-१० का ४५ वर्षीय वडाध्यक्ष रबिन्द्र शाही (गड्डु)लाई ०८२ फागुन २१ गते शंकर प्राथमिक विद्यालयमा रहेको मतदान केन्द्र बाहिर आक्रमण गरी घाइते बनाएको आरोपमा गोदावरी नगरपालिका-१० शिवरामपुर टोल निवासी एमाले कार्यकर्ता २९ वर्षीय कृष्ण भण्डारी, ६२ वर्षीय रामदत्त भण्डारी र ६५ वर्षीय श्याम पन्ना विरुद्ध पीडित पक्षले फागुन २२ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले आरोपित विरुद्ध फागुन २५ गते सरकारी वकिल कार्यालय मार्फत जिल्ला अदालतमा ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता गऱ्यो। मतदानको दिन मतदानका विषयमा विवाद हुँदा आक्रमण गरिएको थियो । आरोपितहरु फरार रहेकाले खोजी कार्या भइरहेको इलाका प्रहरी कार्यालय, मालाखेतीका डिएसपी रणबहादुर चन्दले बताए। घाइते वडाध्यक्ष शाहीको स्वास्थ्य उपचार फागुन २१ गते अत्तरियास्थित पदमा अस्पतालमा भयो। ( अहिलेसम्म फरार नै हुन् ? हालसम्म फरार नै छन्) कुटपिट गर्नुपर्ने कारण ???निर्वाचनका दिन मतदानका बिषयमा बिबाद हुँदा

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर ४ मा पर्ने गोदावरी नगरपालिका-१ स्थित घण्टेश्वर माध्यमिक विद्यालय मतदान केन्द्रमा मतदान गर्न जाने क्रममा बाटोमा स्कुटर रोकेर ०८२ फागुन २१ गते गोदावरी नगरपालिका-१ अत्तरियाका स्थानीय ३८ वर्षीय जंगबहादुर राना र उनकी ३९ वर्षीया बिमला रानामगरलाई पहिचान नखुलेको समुहले कुटपिट गऱ्यो। निर्वाचनको दिन दम्पत्तिमाथि कुटपिट भएको घटना कहिकतै उजुरी नआएकाले कुनै कानुनी कारबाही नबढइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी योगेन› तिमिल्सिनाले बताए। कुटपिटबाट सामान्य चोटपटक लागेका कारण कहिकतै उपचार समेत नगराएको पीडित जंगबहादुर रानाले बताए।

टिकापुर नगरपालिका-९ स्थित खक्रौला सीमा नाकामा रहेको सशस्त्र  प्रहरी बल गुल्ममा कार्यरत डिएसपी प्रदिप पौडेललाई चैत ४ गते कुटपिट गरेको आरोपमा प्रहरीले टिकापुर नगरपालिका-का ४० वर्षीय रामबहादुर साउद विरुद्ध पीडित पक्षले चैत ५ गते ईलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ५ गते घरबाट गिरफ्तार गरी अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय, टिकापुरका डिएसपी नविनराज बुढाथोकीले बताए।

गोदावरी नगरपालिका-७ का २५ वर्षीय पदम विकले ०८२ चैत ११ गते निर्माणाधिन सडकको भिडिओ बनाएर लाइभ गरिरहेको अवस्थामा गोदावरी नगरपालिका-७ का वडा सदस्य ४५ वर्षीय चेतबहादुर ऐरले  कुटपिट गर्दै गरेको घटना सामाजिक सञ्जालमा सार्वजनिक भयो। सामाजिक सञ्जालबाट घटना सार्वजनिक भएपछि आरोपित वडा सदस्यले नै पीडित बिकका विरुद्ध चैत १३ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा फोनमार्फत जानकारी दिएपछि दुवै पक्षलाई बोलाई छलफल गर्दा बि.कले सामाजिक सञ्जालमा राखेको भिडियो हटाउने सहमती भएपछि चैत १३ गते दुबै पक्षबिच मिलापत्र भएको ईलाका प्रहरी कार्यालय, मालाखेतीका डिएसपी रणबहादुर चन्दले बताए।

### कारागारमा झडप

**कञ्चपनुर**

कञ्चनपुर जिल्ला कारागारमा ०८२ चैत ८ गते साँझ थुनुवाहरुबिच भएको आपसी बिबादका क्रममा झडप हुँदा बेदकोट नगरपालिका-९ घर भई कञ्चनपुर जिल्ला कारागारको ब्लक 'ए' मा रहेका थुनुवा २६ वर्षीय गणेश विष्ट घाइते भए। आपसी विवादका क्रममा बेदकोट नगरपालिका-९ घर भई कञ्चनपुर जिल्ला कारागारको ब्लक 'ए' मा रहेका थुनुवा विष्टमाथि शुक्लाफाँटा नगरपालिका-९ घरभई कञ्चनपुर जिल्ला कारागारको ब्लक 'बी' मा रहेका थुनुवा २५ वर्षीय भुवन ऐरले चिर्पट प्रहार गर्दा विष्टको टाउकोमा गहिरो चोट लागेर घइते भएको जिल्ला प्रहरी कार्यालय, कञ्चपनुरका डिएसपी सागर बोहराले बताए। घाइते विष्टको चैत ८ गते माहाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा उपचार भयो। दुवै जनालाई लागुऔषधसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको थियो। दुवै जनालाईसँगै थुनामा राख्दै पुन: झडप हुनसक्ने भएकोले कारागार व्यवस्थापन विभागसँग समन्वय गरी दुवै जनालाई अनेत्र कारागारमा स्थानान्तरण गरिएको जिल्ला कारागारका सहायक प्रमुख रामदत्त जोशीले बताए। क्षमता भन्दा दुई गुणा बढि कैदीबन्दी राखिएको कञ्चनपुर जिल्ला कारागारमा यस अगाडि पनि झडपका घटनाहरु निरन्तर रुपमा हुँदैआएका थिए।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२६)**

| | |
|---|---|
| सामूहिक बलात्कार | १ |
| बलात्कार | १५ |
| यौन दुर्व्यवहार | ५ |
| जम्मा | २१ |

### अमानवीय व्यवहार

**डडेल्धुरा**

अमरगढी नगरपालिका-८ निवासी डडेल्धुरा अस्पतालका अध्यक्ष करुणाकर ओझामाथि ०८२ पुस २३ गते मोसो दलेर दुर्व्यवहार गरेको आरोपमा धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा बहुमतका कार्यकर्ता बझाङ जिल्ला जयपृथ्वी नगरपालिका-६ का ४३ वर्षीय प्रकाशबहादुर सिंह, डडेल्धुरा जिल्ला आलिताल गाउँपालिका-१ का ३७ वर्षीय खिमबहादुर बोहरा र सोही ठाउँका २७ वर्षीय गणेश पन्तविरुद्ध पीडित पक्षले पुस २३  गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित मध्येको प्रकाशबहादुर सिंहलाई माघ ११ गते अमरगढी नगरपालिका डडेल्धुराबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ ११ गते अभद्र व्यवहार अन्तर्गत जिल्ला प्रशासनमा मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयका सीडीओ विष्णुप्रसाद कोइरालाको फागुन ५ गते बसेको इजलासले आरोपितलाई १० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा चन्द्र रोकायाले बताए। अन्य आरोपितहरु फरार रहेका छन्।

कमिसनको लोभमा अस्पतालका स्वास्थ्य उपकरण जानाजानी बिगारेर नयाँ उपकरण खरिद प्रक्रियामा लैजाने र यसमार्फत लाखौं रुपियाँको भ्रष्टाचार गर्ने गरेको, जनस्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा दक्ष र अनुभवी जनशक्तिबाट गुणस्तरीय सेवा प्रवाह गर्नुको सट्टा कर्मचारी भर्नामा आर्थिक चलखेल गरी अस्पताललाई राजनीतिक भर्तिकेन्द्र बनाइएकोलगायतका अरोपमा अस्पतालका अध्यक्ष ओझामाथि मोसो दलि जनकारबाही गरिएको धर्मेन्द्र बास्तोला नेतुत्वको नेकपा बहुमतको भातृ संगठन कम्युनिस्ट युवा सठन नेपाल, डडेल्धुराका अध्यक्ष सहविरद्वारा हस्ताक्षरित आरोपत्रमा उल्लेख गरिएको पीडितले बताए।

## बाल अधिकार

### बलात्कार, यौनदुर्व्यवहार

#### बाजुरा

१६ वर्षीया बालिकालाई ०८२ माघ १३ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले ०८२ माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८२ माघ १४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध माघ २८ गते जबरजस्तीकरणी अन्तर्गत मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश संजीव पोखरेलको माघ २८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधार गृह, डोटी पठाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी इकवाल हवारीले बताए।

#### डडेल्धुरा

१४ वर्षीया बालिकालाई ०८२ माघ २३ गते बलात्कार गरेको आरोपमा अमरगढी नगरपालिका-११ का २९ वर्षीय सुरेश सार्कीविरूद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपितविरुद्ध फागुन १४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला आदालतका न्यायाधीश अरुणकुमार कोइरालाको फागुन ११ गते बसेको इजलासले आरोपितलाई पूर्पक्षका लागि डडेल्धुरा कारागार पठाउने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

१५ वर्षीया बालिकालाई ०८२ पुस २१ गते बलात्कार गरेको आरोपमा परशुराम नगरपालिका-१२ का ७० वर्षीय धौले धामीविरूद्ध पीडित पक्षले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २० गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत अरोपितविरुद्ध फागुन १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला आदालतका न्यायाधीश अरुणकुमार कोइरालाको फागुन १ गते बसेको इजलासले आरोपितलाई पूर्पक्षका लागि कारागार पठाउने आदेश दिएको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए।

१७ वर्षीय बालकलाई ०८२ फागुन १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा १४ वर्षीया बालकविरूद्ध पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते डडेल्धुरा अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध चैत ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला आदालतका न्यायाधीश अरुणकुमार कोइरालाको चैत १६ गते बसेको इजलासले आरोपितलाई अभिभावकको जिम्मा लगाउने फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी पुष्पराज जोशीले बताए। मुद्दा जिल्ला अदातलमा बिचाराधिन छ।

#### अछाम

१६ वर्षीया बालिकालाई ०८१ माघ ६ गते बलात्कार गरेको आरोपमा कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका-६ का २९ वर्षीय जगदिश केसीविरुद्ध पीडित पक्षले माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ६ गते जिल्ला अस्पताल, अछाममा भयो। आरोपित फरार रहेकाले खोजी कार्यभइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी इश्वरीप्रसाद भण्डारीले बताए।

६ वर्षीया बालिकालाई ०८२ फागुन २० गते बलात्कार गरेको आरोपमा कैलाली जिल्ला धनगढी उपमहानगरपालिका-२ भन्सार रोडका २८ वर्षीय सन्तोष शाही भन्ने योगेन्द्रबहादुर शाहीविरुद्ध पीडित पक्षले फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २० गते जिल्ला अस्पताल, अछाममा भयो। प्रहरीले आरोपितलाई फागुन २० गते मंगलसेन नगरपालिका-२ स्थित बसपार्कबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरापितविरुद्ध चैत १५ गते जिल्ला अदालतमा मुद्दा दर्ता

गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रोशनकुमार भट्राईको चैत १६ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला अदालतका सुब्बा रामबहादुर बोहराले बताए।

**डोटी**

१२ वर्षीया बालिकालाई ०८२ माघ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा आदर्श गाउँपालिका-५ का २२ वर्षीय सुरेश वडविरुद्ध पीडित पक्षले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। घटनापछि आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका सई राम नाथले बताए।

१७ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०८२ माघ २५ गते यौन दुर्व्यवहार गरेको आरोपमा शिखर नगरपालिका-३ जोरागाउँका ५२ वर्षीय बमबहादुर भुलविरुद्ध पीडित पक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत ५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालमार्फत आरोपितविरुद्ध चैत २८ गते जिल्ला अदातलमा मुद्दा दर्ता गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका सई राम नाथले बताए।

**कञ्चनपुर**

१४ वर्षीया बालिकालाई ०८२ फागुन २७ गते सामुहिक बलात्कार गरेको आरोपमा भिमदत्त नगरपालिका-९ ब्रह्मदेव का ४० वर्षीय हिरा नाथ र सोही नगरपालिका-१० का ४७ वर्षीय नरेश गिरीविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत चैत २० गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश राजेन्द्रसिंह भण्डारीको फागुन २२ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठाएको जिल्ला प्रहरी कार्यालयका असई शंकर कुँवरले बताए।

**कैलाली**

१४ वर्षीया बालिकालाई ०८२ पुस १७ गते बलात्कार गरेको आरोपमा घोडाघोडी नगरपालिका-१० अम्बासाका २६ वर्षीय सुरेश सार्कीविरुद्ध पीडित पक्षले पुस २६ गते ईलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई पुस २६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध पुस २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको माघ २० गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

११ वर्षीया बालिकालाई ०८२ पुस २० गते बलात्कार गरेको आरोपमा भजनी नगरपालिका-८ जनकपुरका ६५ वर्षीय रामशंकर चौधरीविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई पुस २४ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध पुस २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको माघ २० गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१७ वर्षीया बालिकालाई ०८२ माघ १० गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-२ का ३५ वर्षीय इन्द्रबहादुर खत्री र गोदावरी नगरपालिका-६ का ३८ वर्षीय केशव सार्कीविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १२ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितहरुलाई माघ ११ गते धनगढीबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितहरु विरुद्ध माघ १५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दिपेन्द्रनाथ योगीको चैत २० गते बसेको इजलासले आरोपितहरुलाई १ लाख रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१५ वर्षीया बालिकालाई ०८२ माघ १५ गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-१ विजयनगरका २० वर्षीय अमित विकविरुद्ध पीडित पक्षले माघ १९ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २० गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले

आरोपितलाई माघ १९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको फागुन १५ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१६ वर्षीया बालिकालाई ०८२ माघ १८ गते बलात्कार गरेको आरोपमा मोहन्याल गाउँपालिका-७ पितमारीका २३ वर्षीय महेश राउतविरुद्ध पीडितले माघ २६ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध माघ २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको फागुन १८ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१७ वर्षीया बालिकालाई ०८२ माघ २४ गते यौन दुर्व्यवहार गरेको आरोपमा बर्दगोरिया गाउँपालिका-१ झगडपुरका ५३ वर्षीय शाहिद अलिविरुद्ध पीडितले माघ २५ गते इलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको फागुन १६ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१४ वर्षीया बालिकालाइ ०८२ माघ १८ गते यौन दुर्व्यवहार गरेको आरोपमा घोडाघोडी नगरपालिका-१० पहलमानपुरका ६५ वर्षीय गणेश भण्डारीविरुद्ध पीडितले माघ २२ गते ईलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २३ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ २२ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको फागुन ६ गते बसेको इजलासले १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

१४ वर्षीया बालिकालाई २०८२ चैत १४ गते बलात्कार गरेको आरोपमा धनगढी उपमहानगरपालिका-१५ कनरीका २१ वर्षीय राजेश सिके र २२ वर्षीय विकास विरुद्ध पीडितले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध चैत १६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए।

१५ वर्षीया बालिकालाई ०८२ चैत १२ गते बलात्कार गरेको आरोपमा जानकी गाउँपालिका-७ टिकलीगढका २१ वर्षीय अमन चौधरी विरुद्ध पीडितले चैत १५ गते इलाका प्रहरी कार्यालय, टिकापुरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १५ गते टिकापुर अस्पताल, टिकापुरमा भयो। प्रहरीले आरोपितलाई चैत १५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध चैत १६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुन्धान भइरहेको इलाका प्रहरी कार्यालय, टिकापुरका डिएसपी नविनराज बुढाथोकीले बताए।

१४ वर्षीया बालिकालाई ०८२ माघ १९ गते बलात्कार गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ थकालीपुरका २० वर्षीय कमल धमला, १९ वर्षीय सागर बटाला र सोही ठाउका १९ वर्षीय १९ वर्षीय बिरेन्द्र बुढा विरुद्ध पीडित पक्षले फागुन १२ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १३ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित धमलाविरुद्ध विरुद्ध फागुन १९ गते जबरजस्तीकरणी अन्तर्गत र बटाला र बुढालाई घटना घटाउन सहयोग गरेको मतियारको रुपमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपित फरार रहेकाले खोजीकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए।

१६ वर्षीया बालिकालाई २०८२ फागुन २ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय नवराज पन्ट विरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २५ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित

विरुद्ध फागुन २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। आरोपितलाई प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए।

१३ वर्षीया बालिकालाई ०८२ फागुन १९ गते बलात्कार गरेको आरोपमा मोहन्याल गाउँपालिका-३ फलेबिसौनाका १७ वर्षीय तपिन गिरीविरुद्ध पीडित पक्षले फागुन २४ गते ईलाका प्रहरी कार्यालय, सुखडमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २५ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको चैत २६ गते बसेको इजलासले आरोपितलाई प्रहरीको निगरानीमा आफन्तको जिम्मा लगाइएको जिल्ला अदालतका  सूचना अधिकारी पंकज उपाध्यायले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

**दार्चुला**

६६ वर्षीया महिलालाई २०८२ फागुन २८ गते बलात्कार गरेको भन्दै नौगाड गाउँपालिका-४ का ३८ वर्षीय जयलाल चुनाराविरुद्ध पीडित पक्षले ०८२ फागुन २९ गते जिल्ला प्रहरी कार्यालय दार्चुलामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको पागुन २९ गते जिल्ला अस्पताल दार्चुलामा स्वास्थ्य परीक्षण भयो। हाल उनी अनुसन्धानको लागि थुनामा छन् ।

**कञ्चनपुर**

१९ वर्षीया युवतीलाई ०८२ माघ ९ गते बलात्कार गरेको आरोपमा दोधराचाँदनी नगरपालिका-७ पञ्चभोजका २१ वर्षीय आदित्य सुनारविरुद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते महाकाली प्रादेशिक अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २२ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपितविरुद्ध फागुन ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश राजेन्द्रसिंह भण्डारीको फागुन १७ गते बसेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला प्रहरी कार्यालयका हबल्दार दिवानी हल्दारले बताए। मुद्दा जिल्ला अदालतमा विचाराधिन अवस्थामा रहेको छ।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या**
**(जनवरी-मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | ५ |
| यौन दुर्व्यवहार | १ |
| जम्मा | ६ |

६१ वर्षीया महिलालाई ०८२ पुस २१ गते शारीरिक यातना दिएर वैवाहिक बलात्कार गरेको आरोपमा ६५ वर्षीय पति प्रेम दमाईविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते महाकाली प्रादेशिक अस्पताल, महेन्›नगरमा भयो। प्रहरीले आरोपितलाई पुस २४ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध माघ १४ गते वैवाहिक बलात्कार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश राजेन्द्रसिंह भण्डारीको माघ १८ गते बसेको इजलासले आरोपितलाई साधारण तारेखमा रिहा गरेको जिल्ला प्रहरी कार्यालय मुद्दाफाँटका हवल्दार दिवानी हल्दारले बताए। मुद्दा जिल्ला अदालतमा बिचाराधिन छ।

**कैलाली**

१८ वर्षीया शारिरीक अपा ता भएकी युवतीलाई ०८२ माघ ६ गते बलात्कार गरेको आरोपमा टिकापुर नगरपालिका-१ एकताटोलका ५२ वर्षीय रनबहादुर सुनार विरुद्ध पीडित पक्षले माघ ७ गते ईलाका प्रहरी कार्यालय, टिकापुरमा उजुरी दियो। पीडित युवतीको स्वास्थ्य परीक्षण माघ ७ गते टिकापुर अस्पताल, टिकापुरमा भयो। प्रहरीले आरोपितलाई माघ ७ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको माघ २७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा

पठाएको जिल्ला अदालतका  सूचना अधिकारी पंकज उपाध्यायले बताए।

२४ वर्षीया महिलालाई ०८२ माघ १६ गते बलात्कार गरेको आरोपमा बैतडी जिल्ला शैलेश्वर गाउँपालिका-६ का २४ वर्षीय लक्ष्मण मडैविरुद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १८ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई माघ १७ गते धनगढीबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ १९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश दिपेन्द्रनाथ योगीको फागुन ११ गते बसेको इजलासले १ लाख ५० हजार रुपिया धरौती र तारेखमाको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

२० वर्षीया महिलालाई ०८२ फागुन १४ गते बलात्कार गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ भुरुवाका ४५ वर्षीय प्रेम न्यौपानेविरुद्ध पीडित पक्षले फागुन २६ गते ईलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन २६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध फागुन २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए।

## पारिवारिक हत्या

### कैलाली

धनगढी उपमहानगरपालिका-१३ राजपुरकी ३० वर्षीया हिरा दाहाललाई ०८२ माघ ११ गते हत्या गरेको आरोपमा ३८ वर्षीय पति सतिङ्ग दाहालविरुद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १२ गते घरबाट गिरफ्तार गऱ्यो। घरायसी विवाद हुँदा दाहालले कुटपिट गरी पत्नीको हत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजकुमार सिंहले बताए। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ १५ गते कर्तज्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको फागुन १७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए। शवको पोष्टमार्टम माघ १३ गते सेती प्रादेशिक अस्पताल धनगढीमा गरिएपछि आफन्त तथा परिवारजनले माघ १३ गते नै दाहसंस्कार गरेको डिएसपी सिंहले बताए।

भजनी नगरपालिका-९ खुरुरियाकी ५० वर्षीया मानादेवी चौधरीको ०८२ फागुन १९ गते हत्या गरेको आरोपमा ५३ वर्षीय पति प्रेमलाल चौधरीविरुद्ध पीडित पक्षले फागुन २० गते इलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २० गते घरबाट गिरफ्तार गऱ्यो। घरायसी विवादका कारण पत्नीको हत्या गरेको अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए। प्रहरीले सरकारी वलिक कार्यालयमार्फत फागुन २१ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको फागुन १२ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका  सूचना अधिकारी पंकज उपाध्यायले बताए। शवको पोष्टमार्टम चैत १२ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा गरी आफन्त तथा परिवारजनले फागुन २१ गते दाहासंस्कार गरे।

धनगढी उपमहानगरपालिका-७ देवहरियाकी ३० वर्षीया सरस्वती अवस्थी जोशीको ०८२ फागुन २३ गते हत्या गरेको आरोपमा ३६ वर्षीय पति डम्मर जोशीविरुद्ध पीडित पक्षले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। हत्या गरी फरार रहेका आरोपित पतिलाई फागुन २४ गते बाँके जिल्ला राप्तिसोनरी गाउँपालिकाको शमशेरगंजबाट गिरफ्तार गऱ्यो। घरायसी विवाद हुँदा मानसिक सन्तुलन  समेत ठिक नभएका जोशीले पत्नीको हत्या गरेको पाइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी योगेन्द्र तिमिल्सिनाले बताए। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध चैत २४ गते कर्तज्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको चैत १७ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार थुनामा पठाएको जिल्ला अदालतका  सूचना अधिकारी पंकज उपाध्यायले बताए। शवको पोष्टमार्टम फागुन २४ गते सेती प्रादेशिक अस्पताल धनगढीमा गरिएपछि आफन्त तथा परिवारजनले फागुन २५ गते दाहसंस्कार गरेको डिएसपी तिमिल्सिनाले बताए।

गोदावरी नगरपालिका-४ अमलेशैनीकी २७ वर्षीया संजिता मगरलाई ०८२ चैत ४ गते गोली हानी हत्या गरेको आरोपमा ३० वर्षीय पति रामबहादुर मगरविरुद्ध पीडित पक्षले चैत ५ गते इलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। जंगलमा बाख्रा चराउन गएको समयमा पतिपत्नीबिच घरायसी विवाद

हुँदा आक्रोसमा आएर गोली प्रहार गरी पत्नीको हत्या गरेपछि आरोपितले समेत आफैलाई गोली हानी आत्महत्याको प्रयास गर्दा गोली लागि घाइते भएका थिए। घाइतेको सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचार भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध चैत ६ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय, मालाखेतीका डिएसपी रणबहादुर चन्दले बताए। शवको पोष्टमार्टम चैत ५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा गरिएपछि सोही दिन चैत ५ गते आफन्त र परिवारजनले दाहासंस्कार गरेको गोदावरी नगरपालिका-४ का वाडाध्यक्ष हेमप्रकाश मल्लले बताए।

**कञ्चनपुर**

दोधाराचाँदनी नगपालिका-४ माननीय चोकको ७५ वर्षीया विन्द्रा श्रेष्ठको ०८२ फागुन ३ गते राति धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा ५५ वर्षीय छोरा हरिप्रसाद श्रेष्ठविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ५ गते दोधारा चाँदनी नगरपालिका-८ सुन्दरनगर टोलस्थित नेपाल-भारत सीमानाकामा लुकिछिपि भारत भाग्दै गरेको अवस्थामा गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी खडकबहादुर खत्रीले बताए। आमा विन्द्रा श्रेष्ठलाई आरोपितले घरायसी जग्गा जमीन विषयमा विवाद हुँदा आवेगमा आएर धारिलो हतियार प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालयका एसपी खत्रीले बताए। शवको पोष्टमार्टम फागुन ४ गते महाकाली प्रादेशिक अस्पतालमा गरी सोही दिन फागुन ४ गते आफन्त तथा परिवारजनले महाकाली नदीमा दाहासस्कार गरे।

## सबै प्रकारका जातीय विभेद

**कञ्चनपुर**

कृष्णपुर नगरपालिका-१ दोमिल्लास्थित बैजनाथ आधारभूत विद्यालयमा कार्यरत ४८ वर्षीय शिक्षक गजिराम सार्कीलाई ०८२ माघ ९ गते जातीय विभेद गरेको आरोपमा कृष्णपुर नगरपालिका-१ निवासी बैजनाथ आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४८ वर्षीय सागरकुमार भण्डारी विरुद्ध पीडित पक्षले माघ ९ गते नै शिक्षक महासंघमा निवेदन दियो। विद्यालयमा आयोजना गरिएको सरस्वती पूजामा सहभागि अन्य शिक्षकहरुलाई अध्यक्ष भण्डारीले टिका लगाइ दिएको भए पनि शिक्षक सार्कीलाई टिका पातका राखेर हातमा दिएर जातीय विभेद गरेको भन्दै पीडित पक्षले न्यायका लागि शिक्षक महासंघमा उजुरी दिएको पीडितले बताए। व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले सार्की बाहेक अन्यलाई टिका लगाउनु र सोही विद्यालयका शिक्षक सार्कीलाई विद्यालय जस्तो पवित्र र सार्वजनिक ठाउँमा टिका पातमा ल्याई हातमा दिई अपमानजनक, अमानवीय व्यवहार गर्दै जातीय विभेद गरिएको भन्दै घटनाको छानविन गरी दोषीलाई कारबाही गर्न शिक्षक महासंघले माघ १० गते प्रेश विज्ञप्ति जारी गर्‍यो। आरोपितले उपरान्त गल्ती नगर्ने र जातीय बिभदेजन्य कार्य नगर्ने भन्दै माफी मागेपछि माघ १७ गते आपसी समझदारीमा दुबै पक्षबिच मिलापत्र भएको सोही विद्यालयका शिक्षक राजेन्द्र आग्रीले बताए।

**कैलाली**

गौरीगंगा नगरपालिका-१० उदासीपुरका २६ वर्षीय सुशान्त तमट्टालाई ०८२ माघ १२ गते सार्वजनिक स्थान गौरीगंगा नगरपालिका-१० उदासीपुरस्थित आरोपित धामीले सञ्चालन गरेको नास्ता पसलमा जातीय विभेद गरेर अपमानजनक शब्द प्रयोग गरी गालिगलौज गरेको आरोपमा सोही ठाउँका २३ वर्षीय डम्मर धामीविरुद्ध पीडित पक्षले माघ १८ गते ईलाका प्रहरी कार्यालय, मालाखेतीमा उजुरी दियो। प्रहरीले अरोपितलाई माघ १८ गते घरबाट गिरफ्तार गर्‍यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ १९ गते जातीय छुवाछुतअन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश गोकुलबहादुर निरौलाको फागुन ८ गते बसेको इजलासले ५० हजार रुपिया धरौती र तारेखमा रिहा गरेको जिल्ला अदालतका सूचना अधिकारी पंकज उपाध्यायले बताए।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**सुदूरपश्चिम प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : खड्कराज जोशी, **संयोजन/सम्पादन** : कृष्णबहादुर बि.क.,

**व्यवस्थापक** : राजकुमार चौधरी, हरिसिंह बि.क.

धनगढी उमनपा-५, उत्तरबेहडी, धनगढी, कैलाली, फोन : ०९१-५२२५७६/५२१४४६, फ्याक्स : ०९१-५२३२४४

**इमेल :** dhangadhi@insec.org.np, **Website :** www.inseconline.org